(आ.व. २०८२।८३ को छैठौं बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८२/१०/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

***निर्णयहरु:***

१ यसअघिका विभिन्न कार्यपालिका बैठकहरुमा भएका निर्णय तथा उक्त निर्णयहरुको कार्यान्वयन तथा कार्यप्रगतिका बारेमा समिक्षा गरियो ।

२ यस नगरपालिका र मातहतका कार्यालयहरुमा कार्यरत करार सेवा तथा ज्यालादारीमा रहेका सम्पुर्ण कर्मचारीहरुको कार्यसम्पादनका आधारमा आगामी २०८२ माघ १ गतेदेखि लागु हुनेगरी मिति २०८३ असार मसान्तसम्म म्याद थप गरी नियमानुसार कार्यसम्पादन गर्न/गराउन कार्यालयलाई अख्तियारी प्रदान गर्ने ।

३ फलेवास नगरपालिकामा रहेका व्याक हु लोडर र स्काभेटरद्वारा मर्मत, स्तरोन्नती तथा नयाँ निर्माण गरिएका विभिन्न वडा अन्तर्गतका तपशिलमा उल्लिखित सडक योजनाहरु सदर गर्ने ।

*तपशिल:*

**व्याक हु लोडरद्वारा मर्मत, स्तरोन्नती तथा नयाँ निर्माण गरिएका सडकहरु:**

१ झकलकमा विद्युतको पोलको खाडल खनेको (फनपा ५)

२ कालिका मन्दिरनेर खाडल पुरेको (एउटा ट्रिपर भाडामा लिएर) (फनपा ६)

३ राहाले वगर र निरिंगे पुल जाने बाटो सरसफाई (फनपा ६)

४ तल्लो सात्लेदेखि तिलाहार सम्मको मोटरवाटो सफाई कुलावाँध समेत (फनपा १०)

५ कुर्घा चौधारादेखि हाइवे सम्मको मोटरबाटो ग्रेड मिलाएको (फनपा १०)

६ शिवालयदेखि जौवारी तिलाहार मोदिखोलासम्म मोटरबाटो मर्मत (फनपा ११)

७ विरलेस गाउँ जाने मोटरबाटो वाइडेनिङ गरेको (फनपा ११)

८ श्रीकाङ उपल्लो गाउँ जाने मोटरबाटो र पहिरो पन्छाएको (फनपा ११)

९ खोरियाखर्क जाने मोटरबाटो मर्मत तथा सरसफाई (फनपा ११)

१० वडा कार्यालयदेखि तिनकुने अम्डी हुँदै बाँसकोट वाच्छा र तिनकुने कर्नास सडक सफाई ( फनपा ११)

११ खोरियाखर्क पल्लो वस्ती सडक सफाई र सिउराँस सुलिकोट बनडाँडा भोक्सिङ सडक सफाई ( फनपा ११)

१२ खोरियाखर्क नयाँ ट्रयाक खनेको (फनपा ११)

१३ लोकमार्गदेखि छेवरेबगरसम्म जाने बाटो मर्मत तथा सरसफाई गरेको (फनपा ११)

१४ वडा कार्यालय घ्याङसिङ तुरतुरे नेपाने वस्तीसम्मको ओख्ले सडक मर्मत तथा सरसफाई (फनपा ११)

१५ वडा कार्यालय नेपाने वेसीदेखि सिउराँस सुलिकोट मोटरबाटो सफाई (फनपा ११)

१६ खोरियाखर्कमा नयाँ ट्रयाक खनेको (फनपा ११)

१७ सुर्योदय युवा क्लवको खेलमैदान सम्याँएको (फनपा ६)

१८ गौतमथर जाने मोटरबाटो मर्मत तथा सरसफाई (फनपा ६)

१९ सहिदचोकदेखि रुग्दी जाने पात्लेको खोला सम्मको सडक सम्याउने तथा चक्ल्याउने काम गरेको (फनपा ३)

२० सहिदचोकदेखि रेग्मीथर सम्मको मोटरबाटो मर्मत तथा सरसफाई (फनपा ३)

२१ मास्खेत विष्टपानी मोटरबाटो सरसफाई (फनपा ३)

२२ आँखेतदेखि मैदानसम्मको मोटरबाटो सरसफाई (फनपा ३)

२३ थापाठाना कार्कीनेटा बगाले हुँदै डहरे देउराली जाने मोटरबाटो ग्राभेल तथा लेभलिङ गरेको (२ ट्याक्टर र १ ट्रिपर भाडामा लिएर) (फनपा २)

२४ सल्यानधारादेखि घन्तरी हुँदै चन्दनडाँडा नेपाने मोटरबाटाको पहिरो सफाई तथा मर्मत (फनपा ८)

२५ समिडाँडा खालीपँधेरा ओखेनी वेतेहनी चन्दनडाँडा सडक मर्मत तथा सरसफाई (फनपा ८)

२६ पोखराधारा खाल्टे चित्रे ओभ्रेलपाखो गौडेले सडक सफाई (फनपा ८)

२७ साउनेपानी तार्केचाउका कमेरेपानी पिपलडाँडा लाँकुरीधारा सिमलचौर मोटरबाटो मर्मत तथा सफाई (फनपा ७)

२८ दिपज्योती कफि भवन नाराणस्थान पिपलचौर चनौटे मोटरबाटो मर्मत तथा सफाई (फनपा ७)

**एक्साभेटरद्वारा मर्मत, स्तरोन्नती तथा नयाँ निर्माण गरिएका सडकहरु:**

१ मणीचोकदेखि कटुजे सडक स्तरोन्नती (फनपा ४)
२ चुरी चितिपानी सडक स्तरोन्नती (फनपा ५)
३ छरछरे खोलाखेत सडक स्तरोन्नती (फनपा ५)
४ गहते अर्माना सडक स्तरोन्नती (फनपा ५)
५ अर्माना जोईको भिर सडक स्तरोन्नती (फनपा ५)
६ चितिपानी खलडांडा सडक स्तरोन्नती (फनपा ५)
७ गरने गैरीखोला अर्माना मोटरबाटो सफाइ तथा स्तरोन्नती (फनपा ५)
८ लामाखोर पात्ला घोरेढुंगा लमाए सडक सफाइ तथा स्तरोन्नती (फनपा ५)
९ पिप्ले बयरडांडा लमाए सडक सफाइ तथा स्तरोन्नती (फनपा ५)
१० वडा कार्यालय र प्रहरी चौकी जग्गा सम्याउने कार्य (फनपा ५)

११ प्रशासकीय भवन वरिपरीको जग्गा सम्याउने कार्य (फनपा ५)
१२ टंकी राहालचौर नगरपालिका आरजे भवन मोटरबाटो स्तरोन्नती (फनपा ५)
१३ चिर्दीखोला ढांड हे.पो. सडक चक्लाबन्दी (फनपा ७)
१४ वेर्नेटा जमदारथर हे. पो. सडक चक्लाबन्दी (फनपा ७)
१५ आटीघर जोशीको धारा सूगूरे बांसबारी सडक चक्लाबन्दी स्तरोन्नती (फनपा ७)

४ चालु आर्थिक वर्ष २०८२।०८३ मा संघीय सरकारमार्फत बिशेष अनुदानमा प्राप्त 'दलित बस्तीमा एक घर एक धारा खानेपानी योजना' शिर्षकको बजेटबाट यस नगरपालिका वडा नं. ७ र ८ को दलित बस्तीमा खानेपानी योजना सञ्चालन गर्न सातमुले लिमिठाना ठानामौला खानेपानी योजना स्वीकृत गरी कार्यान्वयन गर्ने ।

५ यस नगरपालिका अन्तर्गत आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि समपुरक, बिशेष र शशर्तका तर्फका योजनाहरु निम्नानुसार माग गर्ने ।

**समपुरक योजनातर्फः**

क झकलक चितिपानी चुचुनदेउराली सडक । (संघीय समपुरक)
ख कालाखोला वडा कार्यालय भंगरा सडक । (संघीय समपुरक)
ग शिवालयचोक घ्याङ्सिङखोला पाङराङ वडा कार्यालय सडक । (प्रदेश समपुरक)
ग सहिदचोक, बाँस्वार, चुचुनदेउराली, मैदान, मेलपोखरी, कार्कीको तहरा, खुम, कालाखोला, भुजेलस्वाँर, भंगरा वडा कार्यालय, चाउका स्कुल, भुजेलस्वाँर, फलेवास नगरपालिका ३, २, ९ र १ सडक । (संघ प्रदेश समपुरक)

**संघ बिशेष योजनातर्फः**

१. फलेवासमा एक घर एक धारा खानेपानी योजना ।
२. चण्डीथान प्रावि पाङराङ पुर्वाधार निर्माण फनपा ११ ।
३. विद्यालयमा शिक्षण सिकाईमा सूचना प्रविधिको थप व्यवस्था फलेवास नपा सवै ।
४.जनजागृती मावि ठानामौला पुर्वाधार निर्माण ।
५. थापाठाना मावि पुर्वाधार निर्माण फलेवास २ थापाठाना ।
६. बृहत सिंचाई योजना स्तरोन्नती शाखा सहित फलेवास नपा ५, ६ र ४ ।

**प्रदेश बिशेष योजनातर्फ**

१ खाद्य सुरक्षाका लागि कृषि यान्त्रिकरण कार्यक्रम फलेवास नपा सवै ।
२ सारदा आ वि रुग्दी पुर्वाधार निर्माण फनपा ४ ।

**शसर्ततर्फका योजनाहरुः**

१ झकलक जिमिरे घुम्ती चुचुनदेउराली पोखराचौर रोड फलेवास नगरपालिका-५ पर्वत ।
२ फलेवास ८, ३ र ५ अर्चलेदेखि सराङ्दी हुँदै पिप्ले सम्मको सडक स्तरोन्नती ।
३ फलेवास ११ अम्डी गजौटेखोला लामिछाने चौतारो सडक स्तरोन्नती कार्य ।
४ फलेवास नपा २ धारापानी गहते सिम्ले मोटरबाटो स्तरोन्नती कार्य ।
५ ठाडीखोरिया सात्ले श्रीकाङ भुषालखर्क सडक फनपा ११ ।
६ तातोपानी रुग्दी चाउकापोखरी चुचुनदेउराली पोखराचौर सडक स्तरोन्नती फनपा ४ र ३ ।
७ अर्माना खल्डाँडा सडक स्तरोन्नती फनपा ५ र ३ ।
८ डाङडुंगे ठुलास्वाँर सडक मर्मत फनपा १० ।
९ झकलक चितिपानी चुचुनदेउराली सडक स्तरोन्नती ।
१० शिवालयचोक झ्याङसिङखोला वडा नं. ११ कार्यालय सडक स्तरोन्नती फनपा ११ ।
११ नुवार बाँझाबारी खोरिया हुँदै चुचुनदेउराली सडक फलेवास नगरपालिका ३ पर्वत ।
१२ कार्कीको डहर खुम सडक ।
१३ खुम माझकटेरा वगाले सडक ।

१४ टारी घैयार सडक ।
१५ कार्कीनेटा भुजेलस्वाँर थापाठाना सडक ।
१६ कार्कीनेटा टिमुरबोट सडक ।
१७ कार्कीनेटा साहुथर ।
१८ पानीटंकी नगरपालिका सडक ।
१९ कुर्घा ठुलास्वाँर सडक ।
२० कुर्घाडाँडा श्रीकाङ पाङराङ सडक ।
२१ सात्ले श्रीकाङ सडक ।
२२ श्रीकाङ सुलिकोट सडक ।
२३ शंकरपोखरी घटुवा मल्याङ्दीखोला सडक ।
२४ ठानामौला वडा कार्यालयदेखि खाल्टे सडक ।
२५ बेर्नेटा हेल्थपोष्ट, ढाँण चिर्दिखोला सडक फनपा ७ ।
२६ संस्था चुरी मोटरबाटो स्तरोन्नती फनपा ४ ।
२७ टंकी सुर्केखोला प्रशासकीय भवन जाने मोटरबाटो स्तरोन्नती फनपा ५ ।
२८ तिवारीचोक झकलक सडक स्तरोन्नती फनपा ४ र ५ ।
२९ रुग्दी मणीचोक चुरी खोलाखेत सडक फनपा ४ र ५ ।
३० रुग्दी नुवार सडक स्तरोन्नती फनपा ४ र ३ ।
३१ सल्यानधारा घन्तरी सडक फनपा ८ ।
३२ वगुवा सिसाठाँटी फेदी भिंडाबारी फनपा ३ र २ ।
३३ सिमको चौतारी थुमी चक्रुफुलवारी हुँदै झकलक सडक फनपा ५ र ४ ।
३४ पाङराङ तीनकुने अम्डी दोभानखोला महाशिला सडक फनपा ११ र महाशिला गा.पा. ।
३५ कुर्घा नुवाँखर्क सात्ले सडक फनपा १० ।

६ घोइनेउलादेखि मुडिकुवा खानीगाउँ लमायखोला कालोपत्रे सडक मर्मतका लागि रु ३० लाख बजेट विनियोजन गरी कार्य अगाडी बढाउन आगामी नगरसभामा पेश गर्ने ।

७ मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय (प्रदेश किताबखाना तथा सञ्चार समन्वय शाखा) पोखराको मिति २०८२।०८।१९ मा प्रकाशित सूचना बमोजिम यस फलेवास नगरपालिका अन्तर्गतको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम ९ बमोजिम स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत संरचना र दरबन्दी बमोजिम पदको, सेवा समुह वा उपसमुह एवं तह खुल्नेगरी संस्थागत विकास तथा शुसासन समितिलाई आवश्यक अध्ययन गरी उक्त प्रतिवेदन आगामी कार्यपालिकामा पेश गर्न निर्देशन दिने ।

८ नगरपालिकामा आर्थिक वर्ष २०८२।०८३ मा सडक बोर्डबाट र यस नगरपालिकाको साझेदारीबाट विनियोजित बजेटबाट कार्यान्वयन गर्नेगरी फलेवास नगरपालिका २ र ३ अन्तर्गत पर्ने मेलपोखरीदेखि शंकरपोखरीसम्मको सडक स्तरोन्नतीका लागि लगत इष्टिमेट तयार गरी कार्य सञ्चालन गर्ने ।

९ चालु आर्थिक वर्ष २०८२।०८३ मा कार्यान्वयन हुनेगरी यस नगरपालिकामा प्राप्त तपशिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागि बजेट प्राप्त भएकोमा उक्त योजनाहरु फुकुवाका लागि यसअघि कार्यालयबाट फुकुवाको पत्र पठाइएकोमा हालसम्म पनि सम्बन्धित मन्त्रालयबाट उक्त योजनाहरु फुकुवा नभएको हुँदा तपशिल बमोजिमका योजना फुकुवाका लागि सम्बन्धित मन्त्रालमा अनुरोध गर्ने ।

क) यस नगरपालिका अन्तर्गत पर्ने लिमिठाना अर्चले भंगरा गैरीस्वाँर, राम मावि हेल्थपोष्ट त्रिभुवन मावि चुचुनदेउराली, छविसे संहिला छाम्मी शंकरपोखरी, बगुवा लामिछानेथर सिसाठाँटी फेदी कार्कीनेटा सडक फलेवास न पा पर्वत, रु ३ करोड ।

ख) 'तल्लो पैठारी तीनधारे पिपलबोट हर्रेचौपारीसम्म सडक निर्माण'फ.न.पा.१० कुर्घा पर्वत, रु ३ करोड बजेट प्राप्त भएको हुँदा उक्त सडकलाई ३.७५ मिटर चौडाइको बनाई आवश्यक कार्य अगाडी बडाइ पिपलबोटदेखि हर्रेचौपारीसम्म लैजानका लागि माग गर्ने ।

ग) एकिकृत शघन शहरी विकास कार्यक्रम, रु ४ करोड ।

साथै यस नगरपालिकामा चालु वर्ष शहरी विकास मन्त्रालयबाट एकिकृत शघन शहरी विकास कार्यक्रमका लागि बिनियोजित रु ४ करोड रकम निम्न योजनाहरुमा विनियोजन गर्ने ।

१ झकलक नगरपालिका भवन देविस्थान सडक, (रु ५० लाख) ।

२ राहाले जैमिनि सडक, (रु ५० लाख) ।

३ मेलपोखरी घटुवाखोला सहिदचोक सडक, (रु ५० लाख) ।

४ कालाखोला भंगरा वडा कार्यालय सडक, (रु १ करोड) ।

५ शंकरपोखरी मैदान सडक, (रु ५० लाख) ।

६ मेलपोखरी मैदान सडक, (रु ५० लाख) ।

७ घोप्टेचौर कार्कीनेटा र कार्कीनेटा साहुथर सडक, (रु ५० लाख) ।

१० चालु आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत डहरे देउराली मन्दिर पुर्वाधार निर्माणको बजेटबाट डहरे देउराली मन्दिर जाने पदमार्ग निर्माणकार्य गर्ने ।

११ चालु आर्थिक वर्ष २०८२।०८३ मा शहरी शाषकीय तथा पुर्वाधार आयोजना कार्यान्वयनका लागि आयोजनाको नगर समन्वय समितिको निर्णय बमोजिम कार्यान्वयन भएका उप योजनाहरु सदर गर्ने ।

१२ फलेवास नगरपालिका अन्तर्गतका कार्यालय र अस्थाई प्रहरी चौकी खानीगाउँको कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक घरभाडा निर्धारण समितिले निर्णय गरे बमोजिमका घर तथा जग्गाहरु चालु आर्थिक वर्षमा सम्झौता नविकरण गरी नियमानुसार भुक्तानी गर्ने ।

१३ लमायखोला लिमिठाना ठानामौला सडक कालोपत्रेका लागि विनियोजित बजेट र अपुग बजेट अघिल्लो कार्यपालिका बैठकबाट वडा नं. ७, ८ र ९ को वडास्तरिय पुंजीगत बजेटबाट रकम व्यवस्थापन भएकोमा उल्लिखित सडकका लागि अपुग बजेट रु १५ लाख चालु आर्थिक वर्ष २०८२।०८३ को वार्षिक कार्यक्रममा 'मनमोहन शान्ति बाटिका पर्यटन पुर्वाधार निर्माण' शिर्षकबाट रकमान्तर गर्ने र वडा नं. ७, ८ र ९ को वडास्तरिय पुंजीगत बजेट फुकुवा गर्ने ।

१४ फलेवास नगरपालिकामा निर्माणाधिन १० शैयाको नगर अस्पताल भवन निर्माण कार्यको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, योजना तथा अनुगमन महाशाखाद्धारा डिजाईन नक्शा Review गरी टेन्डर प्रक्रिया अगाडि बढाउन भएको पत्राचार बमोजिम ठेक्का सम्झौता भएको निर्माण व्यवसायी प्रतिष्ठा जुम्ली आचार्य जे.भि. बागलुङलाई मिति २०८०।०२।०८ मा मिति २०८१।०८/२० सम्मको भवन निर्माण कार्यको म्याद थप गरिएकोमा निर्माण व्यवसायीद्धारा यस कार्यालयद्धारा स्वीकृत DPR बमोजिमको प्रमाणित BOQ र Revised Drawing समयमा नपाएको कारण समयमानै कार्य शुरु गर्न नसकेकोले कार्यालयद्धारा दिइएको समयभित्र भवन निर्माण कार्य सम्पन्न गर्न नसकिने भनि म्याद थपको लागि २०८१।७।१३ मा कार्यालयमा ठेक्काको म्याद थप गर्न निवेदन दिएको, सो सन्दर्भमा नगर कार्यपालिकाको मिति २०८१।०८।१९ गतेको बैठकले नगर अस्पताल भवन निर्माण कार्यको म्याद २०८३।०१।१९ सम्म थप गरेको तर विभिन्न प्राविधिक कारण देखाई उक्त समय भित्र कार्य सम्पन्न गर्न नसकिने र ठेक्काको म्याद मिति २०८३।१०।३० सम्मको लागि थप गर्ने माग गरी मिति २०८२।१०।१८ मा निर्माण व्यवसायीद्धारा निवेदन पेश गरेको र सो सन्दर्भमा प्राविधिक रुपमा ५० प्रतिशत काम सम्पन्न भएको र ठेक्काको बांकी समय करिब ३ महिना भित्र भवन निर्माण कार्य सम्पन्न हुन नसक्ने आधार सहितको कार्यालयमा पेश भएको मिति २०८२।१०।२० को प्राविधिक प्रतिवेदन समेतका आधारमा उक्त नगर अस्पताल भवन निर्माण कार्यको ठेक्काको म्याद मिति २०८३।१०।३० सम्म थप गर्ने ।